आज मिती २०८२ साल भाद्र १९ गते दिउसो १:०० वजे गोकुलगंगा गाउँपालिकाको दोश्रो कार्यकालको ५१ औं कार्यपालिकाको वैठक गाउँपालिका अध्यक्ष श्री काजी बहादुर खड्काको अध्यक्षता तथा तपशिलका पदाधिकारीहरुको उपस्थितीमा बसी देहाय वमोजिमको विषयमा छलफल गरी निर्णय गरीयो ।

**तपशिल**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री काजी बहादुर खड्का | अध्यक्ष | | |
| २ | श्री उषा देवी कार्की | उपाध्यक्ष | | |
| ३ | श्री छत्र बहादुर वस्नेत | वडा नं. १ वडाध्यक्ष | | |
| ४ | श्री सुन्दर कुमार कार्की | वडा नं. २ वडाध्यक्ष | | |
| ५ | श्री नर विक्रम कार्की | वडा नं. ३ वडाध्यक्ष | | |
| ६ | श्री नबराज खड्का | वडा नं. ४ का.बा.वडाध्यक्ष | | |
| ७ | श्री दिपक कार्की | वडा नं. ५ वडाध्यक्ष | | |
| ८ | श्री चन्द्र बहादुर सुनुवार | वडा नं. ६ वडाध्यक्ष | | |
| ९ | श्री दिर्घ माया खत्री | कार्यपालिका सदस्य | | |
| १० | श्री संगिता वि.क. | कार्यपालिका सदस्य | | |
| ११ | श्री मोहन मायाँ सुनुवार | कार्यपालिका सदस्य | | |
| १२ | श्री ज्ञान कुमारी थापामगर | कार्यपालिका सदस्य | | |
| १३ | श्री कैलाश सुनुवार | कार्यपालिका सदस्य | | |
| १४ | श्री मैना खड्का | कार्यपालिका सदस्य | | |
| १५ | श्री दिनेश भट्टराई | प्रमुख प्रशासकीय अधिकृत सचिव | | |

## छलफलका विषयहरु:-

१. अघिल्लो कार्यपालिकाको बैठकको निर्णयहरुको समिक्षा गर्ने सम्बन्धमा।
२. विपद् बाट क्षती भएको संरचनाहरुको विवरण संकलन गर्ने सम्बन्धमा ।
३. यस चालु आ.व. को वार्षिक स्वीकृत कार्यक्रमहरुको ठेक्का प्रकृया अगाडी बढाउने सम्बन्धमा ।
४. रोजगार प्रवर्द्धन कार्यक्रमको बजेट बाँडफाड सम्बन्धमा ।

# निर्णयहरु:-

### निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गरी अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको सम्बन्धमा समीक्षा गर्ने निर्णय गरीयो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गोकुलगंगा गाउँपालिका क्षेत्र भित्र वर्षातको कारण विपद् बाट क्षेती भएका विभिन्न ठाउँ तथा संरचनाहरुको स्थलगत विवरण सम्बन्धित शाखाबाट संकलन गरी क्षतीपुर्ति वा पुनः संरचनाको कार्य गर्ने निर्णय गरियो ।

### निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस चालु आ.व. को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिल वमोजिमका कार्यक्रम/आयोजनाहरुको विधुतिय बोलपत्र माध्यमद्धारा ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय सर्वसहमतीमा पारित गरियो ।

तपशिल:-

| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | कैफियत |
|---|---|---|
| १ | यस गाउँपालिका क्षेत्र भित्रको दहत्तर बहत्तर विक्रि सम्बन्धी | |
| २ | भेटेरिनरी औषधि तथा औजार खरिद | |
| ३ | गोकुलगंगा अस्पतालका लागि औषधि खरिद | |
| ४ | गर्जाङ धौले कोश्याङ्कर्क जटापोखरी सडक स्तरोन्नती | |
| ५ | खहरे कालीमाटी नामाडी नागी काँडे सडक स्तरोन्नती | |

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

काजी बहादुर थापा
अध्यक्ष

| | | |
|---|---|---|
| ६ | ठोसे टगम विगु देउराली सडक स्तरोन्नती | |
| ७ | लिसेखानी बेताली बन्चरे नामाडी फेदी सडक स्तरोन्नती | |
| ८ | मसलन्द सामाग्री खरिद | |
| ९ | आई.सि.टि. कार्यक्रम | |
| १० | पाईप तथा फिटिङ सामाग्री खरिद | |
| ११ | ग्याविन तार जाली खरिद | |
| १२ | गोकुलगंगा अस्पताल घेराबार | |
| १३ | नामाडी स्वास्थ्य चौकी भवन निर्माण | |

<u>निर्णय नं. ४</u>

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०८२/०८३ मा रोजगार प्रबर्दन कार्यक्रम अन्तर्गत रोजगार आयोजना संचालनको लागि संघीय सरकार र स्थानीय सरकारको साझेदारीमा बिनियोजन भएको संघीय सरकारको ३३,७२,००० र स्थानीय सरकारको ३३,७२,००० गरि जम्मा रकम रु. ६७,४४,००० रकम मध्येबाट गोकुलगंगा गाउँपालिकाको ६ वटै वडाहरुमा सुचिकृत भएका सुचिकृत बेरोजगार व्यक्तिहरुको आधारमा तपशिल अनुसारको बजेट तपशिल अनुसारको आयोजना संचालनको लागि बिनियोजन गर्ने सर्बसहमत निर्णय गरियो ।

<u>तपशिल</u>

| सी.नं. | आयोजना / कार्यक्रमहरु | वडा नम्बर | क्षेत्र | बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | काफलगैरा देखि माझखर्क सडक सोलिङ | १ | आर्थिक बिकास | ३२३६०० | |
| २ | सेतीदेवी देखि जमदार टोल गोरेटो बाटो निर्माण | १ | आर्थिक बिकास | ४००००० | |
| ३ | डम्बरबहादुरको घरबाट महादेवथान जाने गोरेटो बाटो | १ | आर्थिक बिकास | २१२४०० | |
| ४ | घट्टेखोला जाली भर्ने र नाली सरसफाई | २ | आर्थिक बिकास | २१२४०० | |
| ५ | डाँडागाउँ हुँदै गुम्बा, भस्मे पाङ्दुरे र भूमेथान सेतिदेबी सडक नाली सरसफाई, सोलिङ र गोरेटो बाटो निर्माण | २ | आर्थिक बिकास | ६३७२०० | |

दिनेश भेटराई
प्रमुख प्रशासकीय अधिकृत

काजी बहादुर खड्का
अध्यक्ष

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

काजी बहादुर खड्का
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | पाल्ने देखि डाँडागाउँ माथ्लोबारी रस्नालु देखि खप्टेढुंगा गोरेटो बाटो सिढी निर्माण | ३ | आर्थिक विकास | ४९५६०० | |
| ७ | तोसीडाँडा बाल विकास गोरेटो बाटो सिढी निर्माण | ३ | आर्थिक विकास | ४९५६०० | |
| ८ | वाइबा जिरोकिलो कागतपाने धारो चोरकटेरा र भस्मे लिसे सडक सोलिङ र ग्याबिन | ४ | आर्थिक विकास | ४००००० | |
| ९ | बेताली चप्लेटी सडक (ढाड पाखा / चप्लेटी ) र कातिके सडक नेत्र बहादुरको घर छेउ ग्याबिन | ४ | आर्थिक विकास | ४९५६०० | |
| १० | डाँडाबारी चौतारा सडक र च्यानगैरा चौतारा सडकमा ग्याबिन भर्ने साथै महाकालथान जामुने गोरेटो बाटो निर्माण | ४ | आर्थिक विकास | ४९५६०० | |
| ११ | कालिमाटी चाचला चिलाउने सडक सोलिङ र ग्याबिन | ५ | आर्थिक विकास | ४००००० | |
| १२ | पासावार नोप्रा सडक सोलिङ | ५ | आर्थिक विकास | ३००००० | |
| १३ | विभिन्न शाखा सडकहरु नाली सफाई तथा सोलिङ र ग्याबिन | ५ | आर्थिक विकास | ४६०००० | |
| १४ | फर्पु खेलमैदान जाली निर्माण | ६ | आर्थिक विकास | ७७८८०० | |
| १५ | गाउँपालिका भित्रका अत्यावश्यक सडकहरुमा सडक नाली सरसफाई तथा गोरेटो बाटो निर्माण | ० | आर्थिक विकास | ६३७२०० | |

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. गत आ.व. २०७८/०७९ देखि निर्माण कार्य भईरहेको Construction of Administrative Building for Gokulganga Rural Municipality (GRM/RCH/Works/NCB/06/078/79) योजना मिति २०८२/०५/२७ गते सम्ममा सम्पन्न नभएको हुँदा निर्माण कम्पनीले माग गरे अनुसारको बढीमा मिति २०८३/०२/०७ गते सम्म थप आर्थिक भार नहुने गरी र सार्वजनिक खरिद नियमावली बमोजिम समय सिमा थप गर्ने निर्णय सर्वसहमतीमा पारित गरियो ।